केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आ० व० : २०८१/०८२
बैठक संख्या : १०

आज मिति २०८१/११/०२ गतेका दिन यस केदारस्यूँ गाउँपालिका का अध्यक्ष श्री गणेश बहादुर बोहरा ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिम को उपस्थितिमा निम्न निर्णयहरु गरी सर्व-सम्मती वार-पारीत गरीयो ।

## उपस्थिति

१, श्री:- गणेश बहादुर बोहरा - गा०पा० अध्यक्ष
२, श्री:- मनिषा धामी - ,, उपाध्यक्ष
३, श्री:- विर बहादुर भण्डारी - १ नं. वडाध्यक्ष
४, श्री:- शेर बहादुर विष्ट - २ ,,
५, श्री:- विर बहादुर खाती - ३ ,,
६, श्री:- कल्याण मल्ल - ४ ,,
७, श्री:- मोहन ठगुन्ना - ५ ,,
८, श्री:- जय बहादुर धामी - ६ ,,
९, श्री:- चन्द्र बहादुर धामी - ७ ,,
१०, श्री:- सुरेश बहादुर जेठरा - ८ ,,
११, श्री:- नन्दलाल बोहरा - ९ ,,
१२, श्री:- तस्वीर सिं कु० - का०पा० सदस्य
१३, श्री:- जुनदेवी औरखेडा - ,, ,,
१४, श्री:- निर्मला कुमारी सिं कु० - ,, ,,
१५, श्री:- चन्द्रकला देवी दमाई - ,, ,,
१६, श्री:- रम्भु देवी बोहरा - ,, ,,
१७, श्री:- कमला थापा - ,, ,,
१८, श्री:- डा० रोहित कुमार गिरी - ,, ,,

## आमन्त्रित

१९. श्री:- केशवराज भट्ट - शिक्षा अधिकृत
२०. श्री:- लोकराज रावल - सूचना प्राविधी अधिकृत

## निर्णय नं. १

यस केदारस्यूँ ~~केदारस्यूँ गाउँपालिका~~ गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय मा मिति २०८१/१०/१३ गतेका दिन कार्यपालिकाको बैठक बसि विभिन्न निर्णयहरु भएकोले सो निर्णयहरुको समिक्षा गरी के कति निर्णयहरु भए के कति हुन बाँकी छन समिक्षा गरी कार्यान्वयन नभएका निर्णयहरु छिटो छरितो तरीकाबाट सञ्चालन एवं कार्यान्वयन गरी उक्त निर्णयहरु को समिक्षा गरीयो ।

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

डा.रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं २

यस केदारस्युँ गाउँपालिका वडा नं ६ अन्तरगत पर्ने पौडि जिउलाको उद्गम स्थल पौडि क्षेत्रमा पौडेल महासंघको कार्यक्रम संचालन गरिने भएकोले उक्त कार्यक्रममा आउने पाहुना गन्य मान्य व्यक्तिहरूलाई आते, जाते खाने बस्ने कार्यक्रम खर्च, नास्ता खर्च गाउँ कार्यपालिकाको कार्यालयले व्यहोर्ने निर्णय गरीयो साथै उक्त कार्यक्रममा तपसिलमा उल्लेखित व्यक्तिहरूले व्यवस्थापन गर्ने भन्ने जानकारी गराउने ।

तपसिल

१- विर बहादुर भण्डारी - वडाध्यक्ष वडा नं १
२. नन्दलाल बोहरा - ,, ,, ६
३. केशवराज भट्ट - शिक्षा अधिकृत केदारस्युँ गाउँपा०
४. लेखराज रावल - सूचना प्रविधि अधिकृत

## निर्णय नं ३

यस केदारस्युँ गाउँ कार्यपालिकाको कार्यालयमा आ०व० २०८१/०८२ का लागि वडा नं १ देखि वडा नं ९ सम्म गा०पा० भरीमा कार्यान्वयन हुने गरी संघीय विशेष अनुदान र समपुरक अनुदानका लागि तपसिल बमोजिममा उल्लेखित योजनाहरू माग गर्ने निर्णय गरीयो ।

तपसिल विशेष योजना आ.व० ०८१/०८२ का लागि ।

१. आर्थिक रूपले विपन्न, दलित, पिछडिएका समुदायका लागि एक घर एक धारा खानेपानी कार्यक्रम वडा नं १ देखि वडा नं ९ सम्म ।
२. दलित महिला तथा बेरोजगार युवाहरूलाई उद्यमशिलता विकास कार्यक्रम गा० पा० भरी ।
३. बालबालिका तथा आमाहरूको मृत्यु दर न्यूनिकरण गर्नका लागि स्वास्थ्य सम्बन्धि कार्यक्रम र उपकरण खरिद ।

समपुरक योजना आ.व० ०८१/०८२ का लागि

१- वडा नं २ को वडा कार्यालय भवन निर्माण ।
२- बेताल मा० वि० भवन तथा कम्पाउण्ड निर्माण वडा नं १
३. राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार ।

## निर्णय नं ४

यस केदारस्युँ गाउँ कार्यपालिकाको कार्यालय अन्तर गत संस्था एवं क्लव-हरू दर्ता गर्नका लागि अति आवश्यक भएकोले तपसिलमा उल्लेखित कार्यविधि पास गर्ने निर्णय गरीयो साथै उक्त कार्यविधि राजपत्रमा प्रकासन गर्ने भन्ने निर्णय गरीयो ।

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

डा.रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

## तपसिल

१- केदारस्युँ गा०पा० को संस्था दर्ता तथा नियमन सम्बन्धि नियमावली २०८१ ।
२. केदारस्युँ गा० पा० को विद्यालयहरूको भान्सा कोठा निर्माण कार्यविधी २०८१

## निर्णय नं. ५

यस केदारस्युँ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय को आ० व० ०८०।८१ स्थानिय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन वित्तिय सुसासन जोखिम मूल्याङ्कन (FRA) मुल्याङ्कन मा कुल पूर्णाङ्कमा १००मा ७७ अंक प्राप्त भई गाउँपालिकाको मिति २०८१।११।५ गतेको कार्यपालिकाको बैठक बाट उक्त अंक अनुमोदन गरी तपसिल बमोजिमको सूचकमा अंक प्राप्त भई सो विवरण सम्बन्धित निकायमा पठाउने भन्ने निर्णय गरीयो ।

## तपसिल

| सि.नं | स्व मुल्याङ्कन विषयका क्षेत्रहरू | प्राप्त अंक भार प्रतिशत |
|---|---|---|
| १- | योजना बजेट तथा कार्यक्रम व्यवस्थापन | ८३.३३% |
| २. | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ७७.४८% |
| ३. | लेखाङ्कन तथा प्रतिवेदन | ३४.१२% |
| ४. | अनुगमन मुल्याङ्कन तथा लेखापरीक्षण | ७८.१३% |
| ५. | राजस्व व्यवस्थापन | ५०% |
| | जम्मा | ७७% |

## निर्णय नं० ६

यस केदारस्युँ गाउँ पालिकामा रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक/ विशेषज्ञ चिकित्सक मनोबल तथा उत्प्रेरणा बढाउन एवं स्वास्थ्य सेवालाई गुणस्तरिय बनाउन सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाउन गाउँ कार्यपालिकाको मिति २०८१।६।२१ गतेका दिन कार्यपालिकाको बैठक बाट रु. ३००% चिकित्सक/ विशेषज्ञ प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधी बनाई भत्ता उपलब्ध गराएकोले सो भत्ता लाई संघिय नियम बमोजिम संशोधन गरी अधिकतम २००% चिकित्सक भत्ता सम्बन्धि कार्यविधि बनाई राजपत्रमा प्रकासन गरी चिकित्सक/ विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धि मापदण्ड कार्यविधि २०८१ स्वीकृत गर्ने गर्ने निर्णय गरीयो ।

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

डा.रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

यस केदारस्युँ गाउँपालिका वडा नं. ४, ६ र ७ मा पर्ने कालमला, खुदाङ, थापा गाउँ एकमौत सडक निर्माणका लागि गा.पा. को ठेक्का नं (KRM/NCB/WORK-03/081/082) मा ठेक्का YK निर्माण सेवा केदारस्युँ-१ पर्ने गई उक्त ठेक्कामा उल्लेखित निर्माण कार्य तथा निर्माण स्थल भन्दा सोहि सडक क्षेत्र भित्र पर्ने अति आवश्यक स्थानमा सोही ठेक्का बाट निर्माण कार्य गराउनका लागि स्थानीय वासी आमाभेलाको निर्णय बमोजिम निर्माण कार्य गर्न गराउन YK निर्माण सेवालाई सहमती दिने निर्णय गरीयो।

निर्णय नं. ८

यस केदारस्युँ गाउँपालिका वडा नं. ६ बस्ने चन्दा देवी धामी लाई मुटु रोग लागि सेती अञ्चल अस्पताल बिरामी चेकजाँच गरी उपचार गरी रहेको अवस्था भएकोले निजको आर्थिक अवस्था एकदम कमजोर भएकोले निज औषधी उपचार मा राहात स्वरुप विपत व्यवस्थापन प्रोजेक्ट बाट खर्च हुने गरी रकम रु १५०००/- रुपैंया दिने भन्ने निर्णय गरीयो।

निर्णय नं. ९

यस केदारस्युँ गाउँपालिका वडा नं. १ देखि वडा ९ सम्म केदारस्युँ गाउँपालिकाको बालसंरक्षण नीति २०८१ कार्यपालिका बाट स्वीकृत गर्ने निर्णय पारीत गरीयो।

निर्णय नं. १०

यस केदारस्युँ गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य निरन्तर भइरहदा लागत स्टेमेटमा केही आइटम (सामान) समावेश हुन नसकेकोले सो प्रशासनिक भवनमा फ्रेम स्ट्रकचर बाट भवन आवास तथा शहरी विकास बे. सि. नं. ३११५१ नम्बर बाट गाउँपालिकाको प्रशासनिक भवन घेरबार तथा कार्यालय व्यवस्थापनका लागि आ. व. ०८१/०८२ मा विनियोजित गरेको रकम बाट हुन नसकेको आइटम थप गर्नका लागि रिभाइज इस्टमेट भेरिएसन (४०) गर्ने भन्ने निर्णय गरीयो।

निर्णय नं. ११

बाजुरा, जिल्ला खप्तड छान्ना गा.पा. वडा नं १ बस्ने अर्जुन बं. जंग बहादुर सिंह विगत लामो समय देखि बिरामी भै स्वदेश तथा विदेशका विभिन्न अस्पताल हरुमा उपचार गराउदा निजको निकै ठूलो धनराशि खर्च भएकोले निजलाई उपचार गर्ने राहात स्वरुप रु १०००००(एक लाख) रुपिया वन वातावरण तथा विपत व्यवस्थापन प्रोजेक्ट बाट दिने भन्ने निर्णय गरीयो।

डा. रोहित कुमार गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णय नं. १२

यस केदारस्युँ गाउँपालिका वडा नं १ देखि वडा नं ९ सम्मका सबै वडाहरूमा सकल महिला संग उपाध्यक्ष कार्यक्रम तपशिल बमोजिम गर्ने भन्ने निर्णय गरीयो ।

<u>तपसिल</u>

१. स्थानिय अचार उत्पादन वडा नं. १ तेल मिल
२. रैथाने बाली उत्पादन कार्यक्रम
३. स्थानिय डुना टपरी उत्पादन कार्यक्रम
४. उन्नत तरकारी खेती उत्पादन
५. जुस उत्पादन कार्यक्रम
६. सिप बिकास कार्यक्रम

## निर्णय नं. १३

यस केदारस्युँ गाउँपालिका का विभिन्न वडाहरूमा विभिन्न किसिमका कार्यक्रम हरु संचालन गर्दा खर्च भएर जाने मसिन्द सामानहरु पामसमा (अनलाईन) इन्ट्री नगरी सिधै अपडेट गरी स्याले.सेवा समुहलाई भुक्तानी दिने भन्ने निर्णय गरीयो ।

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत